नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

मितिः २०७८/१०/२३

# प्रेस विज्ञप्ती

**(क) राजस्व अनुसन्धान कार्यालय पथलैयावाट निम्न विवरण सहितको राजस्व चुहावट सम्वन्धी मुद्दा उच्च अदालत अदालत पाटन हेटौंडा इजलासमा मिति २०७८/१०/२० मा दायर गरिएको ।**

**१. अभियुक्तको विवरणः**

- जिल्ला मकवानपुर मनहरी गा.पा.वडा नं. ६ बस्ने वर्ष ३२ को विशाल राई
- जिल्ला सिन्धुली भिमस्थान गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ४० को मुकुन्द प्रसाद काफ्ले
- जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं. २२ बस्ने वर्ष ३८ को ईन्तयाजुल हक मंसुरी
- जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. २२ बस्ने वर्ष ३५ को ईन्ताज मंसुरी
- जिल्ला धादिङ गजुरी गा.वि.स. वडा नं. ४ बस्ने अं. वर्ष ४० की सन्तोषी नेपाली
- जिल्ला पर्सा बगही गा.वि.स. वडा नं. ९ मा बस्ने अं. वर्ष २५ को रुपेश तिवारी
- ९८६१०४९३२८ को आधिरकारिक प्रयोगकर्ता अं. वर्ष २२ को देवलाल कुशवाहा

**२. कसूरको संक्षिप्त विवरणः** मिति २०७८/८/३ गते जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. १० भुटनदेवी मोड स्थित जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोलीले विशेष सुचनाको आधारमा अभि ट्रेडर्स कलैया ७ बाराको मिति २०७८/८/३ गतेको विजक नं. ७१ बमोजिमको प्लाष्टिकको दाना बोकेको ना ७ ख ७२५ नम्बरको ट्रकमा चालक बिशाल राईले विल विजक तथा प्रज्ञापण पत्र विनाको ३१ पोका कपडाहरु बीरगंजबाट लुकाई छिपाई काठमाण्डौं तर्फ ओसार पसार गरीरहेको अवस्थामा बरामद भएकोले भंसार महसुल तथा मुल्य अभिवृद्धि कर छली गरेको।

१. **कायम भएको बिगो र सजायको मागदावीः** प्रतिवादीहरुको उपरोक्त कार्य राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ (क), (ख) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २(६)(१) बमोजिम **गणना गरिएको** बिगो रकम **रु.५८,७९,७४६।- (अक्षरेपी अन्ठाउन्न लाख उनासी हजार सातसय छयालिस रुपैयाँ मात्र)** लाई बिगो कायम गरी निज प्रतिवादीहरु विशाल राई, मुकुन्द प्रसाद काफ्ले, ईनतायाजुल हक मंसुर, ईन्ताज मंसुर, रुपेश तिवारी, सन्तोषी नेपाली र देवलाल कुशवाहालाई राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २३(१)(क) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत असुल उपर हुनको साथै बरामद भएको विल विजक र भंसार प्रज्ञापणपत्र विनाको ३१ पोका कपडा ऐ. ऐनको दफा ३३ बमोजिम जफत हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | १. विशाल राई<br>२. मुकुन्द प्रसाद काफ्ले<br>३. ईन्तयाजुल हक मंसुरी<br>४. ईन्ताज मंसुरी<br>५.सन्तोषी नेपाली<br>६.रुपेश तिवारी<br>७.देवलाल कुशवाहा | रु.५८,७९,७४६।- | रु.५८,७९,७४६।- | रु.५८,७९,७४६।- |

सूचना अधिकारी

राजस्व अनुसन्धान विभाग